# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७५।०९।१६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------

एन. आइ. सी. एसिया बैंक लिमिटेडबाट मिति २०७२/११/१६ मा कि.नं. ४६१, ६२२ र ६२३ का जग्गा दाखिल खारेज गर्दा नियमानुसार लाग्ने दस्तुर रसिद नं. २१९७४ बाट सनिश मिश्रका नाममा काटी नगद असुल गरी फाइलमा संलग्न राखेको तर राजश्व रकम राजश्व खातामा दाखिला नगरेको र अर्को सोही रसिद नं. २१९७४ राजश्व खातामा दाखिला गरेको मालपोत कार्यालय, चाबहिलबाट प्राप्त भएको हुँदा एकै आर्थिक बर्षमा एउटै नम्बरको फरक फरक रसिद भेटिएकोले प्राप्त मिसिल कागजात समेतको उजुरीको अनुसन्धान हुँदा राजश्व दाखिला भएको रसिद नं. २१९७४ आ.व. ०७२/७३ को मिति २०७३/०३/२६ मा काटिएको र राजश्व दाखिला नभएको रसिद नं. २१९७४ आ.व. ०७२/७३ को मिति २०७२।११।१६ मा करिब ४ महिना पहिलेकै भएको देखिएको र एकै आर्थिक बर्षभित्र एउटै नम्वरका एक भन्दा बढी रसिद हुन नसक्ने हुँदा राजश्व दाखिला नभएको र कार्यालयमा इस्यु हुनु अगावै काटिएको रसिद स्वतः नक्कली भएकोले मालपोत कार्यालय, चाबहिलका कार्यालय सहयोगी राजेन्द्र बस्नेतले उठाएको राजश्व रकम रु.५,६८,२०८।- (पाँच लाख अठसठ्ठी हजार दुई सय आठ मात्र) प्रचलित कानून बमोजिम दाखिला नगरी हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुर पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१)को देहाय (ङ) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता